# उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८२

**कार्यपालिकाबाट स्विकृत मिति: २०८२।०६।२६**
**प्रमाणिकरण मिति: २०८२।०६।२७**
**पहिलो शंसोधन मिति: २०८३।०५।२८**

फेदाप गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत उत्कृष्ट शिक्षक, विद्यालय कर्मचारी तथा विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** १) यस कार्यविधिको नाम "उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८२" रहेको छ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भई प्रमाणिकरण भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा:** १) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "छनौट समिति" भन्नाले दफा ५ बमोजिम गठित उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौट समितिलाई सम्झनुपर्दछ।

ख) "शाखा" भन्नाले फेदाप गाउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फेदाप गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

घ) "अध्यक्ष" भन्नाले फेदाप गाउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

ङ) "गाउँसभा" भन्नाले फेदाप गाउपालिकाको गाउँसभालाई सम्झनुपर्दछ।

च) "लेखा शाखा प्रमुख" भन्नाले फेदाप गाउपालिकाको लेखा शाखा प्रमुखलाई सम्झनुपर्दछ।

छ) "योजना शाखा प्रमुख" भन्नाले फेदाप गाउपालिकाको योजना शाखा प्रमुखलाई सम्झनुपर्दछ।

ज) "गाउँपालिका" भन्नाले फेदाप गाउँपालिका तेह्रथुम सम्झनुपर्दछ।

झ) "गाउँ कार्यपालिकाको कार्यालय" भन्नाले फेदाप गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

ञ) "शिक्षक" भन्नाले फेदाप गाउपालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका स्थायी तथा अस्थायी करार शिक्षक सम्झनुपर्दछ र सो शव्दले विद्यालय कर्मचारीलाई समेत जनाउदछ।

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

क) उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौटका आधार र मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

ख) तोकिएका आधार र मापदण्ड बमोजिम उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौट गरी पुरस्कृत गर्न सहयोग पुर्याउने ।

ग) उत्कृष्ट छनौट हुने शिक्षक तथा विद्यार्थीलाई प्रदान गरिने प्रोत्साहनलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गदर्शन गर्ने ।

**४. निर्देशक समिति:** उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौट कार्यक्रममा कुनै समस्या परेमा नीतिगत निर्णय गर्न तथा कार्यक्रम सञ्चालनका लागि छनौट समितिलाई आवश्यक निर्देशन दिनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) लेखा शाखा प्रमुख | सदस्य |
| घ) योजना शाखा प्रमुख | सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख/अधिकृत | सदस्य - सचिव |

**५. छनौट समिति:** १) गाउँपालिकाको उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौटका लागि देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) गाउँपालिकाका स्थायी कर्मचारीमध्ये संयोजकले तोकेको अधिकृत १ जना | सदस्य |
| ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |

**६. छनौट समितिको भूमिका:** दफा ५ बमोजिम गठित समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

क) विद्यालयबाट प्राप्त सिफारिसहरुको दफा ८ र ९ को आधारमा उत्कृष्ट शिक्षक तथा विद्यार्थीको मूल्याङ्कन गर्ने ।

ख) उत्कृष्ट शिक्षक तथा विद्यार्थीको छनौट गर्ने ।

ग) छनौट भएका उत्कृष्ट शिक्षक तथा विद्यार्थीको सूची वेभसाईटमा प्रकाशन गर्ने ।

**७. शाखाको भूमिका:** उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौट गर्न तथा छनौट भएका शिक्षक तथा विद्यार्थीहरुलाई प्रदान गरिने प्रोत्साहन रकमको कार्यान्वयका सन्दर्भमा शाखाको भूमिका देहाय अनुसारको हुनेछ ।

क) सम्बन्धित विद्यालयलाई उत्कृष्ट शिक्षक तथा विद्यार्थी सिफारिस गर्न पत्राचार गर्ने।

ख) विद्यालयबाट प्राप्त सिफारिसहरुलाई संकलन गरी छनौट समिति समक्ष पेस गर्ने।

ग) उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई दिईने पुरस्कार रकमको निर्धारण गर्ने।

**८. शिक्षक छनौटका आधार तथा मापदण्डहरु:**

१) उत्कृष्ट शिक्षक छनौटका आधार तथा मापदण्डहरु देहाय बमोजिमको हुनेछ।

| क्र सं | विवरण | आधार | पुर्णाङ्क | संलग्न हुनुपर्ने कागजात |
|---|---|---|---|---|
| १ | कार्य अनुभव | ५ बर्ष सम्मको ५ अंक<br>७ बर्ष सम्मको ७ अंक र<br>सो भन्दा माथि १० अंक<br>(अस्थायी करार सेवा अवधी समेत जोडिने) | १० | नियुक्ति पत्र र हाजिरी भएको पत्रको प्रतिलिपी (अस्थायी करार र स्थायी सेवा अवधी नटुटेको हुनुपर्ने) |
| २ | शैक्षिक उपलव्धी | आफुले अध्यापन गर्ने विषयको पछिल्लो ३ बर्षको औषत जिपिए<br>३.६१ देखि ४ सम्म भए २० अङ्क,<br>३.२१ देखि ३.६० सम्म भए १७ अङ्क<br>२.८१ देखि ३.२० सम्म भए १४ अङ्क<br>२.४१ देखि २.८० सम्म भए ११ अङ्क<br>२.०१ देखि २.४० सम्म भए ८ अङ्क | २० | सम्बन्धित विषयको पछिल्लो ३ बर्षको जिपिए खुल्ने IEMIS ग्रेड लेजरको प्रतिलिपी<br>(सम्बन्धित शिक्षक र प्रधानाध्यापकबाट प्रमाणित भएको) |
| ३ | शैक्षिक योग्यता | माथिल्लो शैक्षिक योग्यता<br>प्रथम श्रेणी वा ३.२ देखि ४ जिपिएसम्म भए १० अङ्क<br>द्वितीय श्रेणी वा २.४ देखि ३.१९ सम्म भए ७ अङ्क | १० | माथिल्लो शैक्षिक योग्यता खुल्ले प्रमाणपत्र (मार्कसिट वा ग्रेडसिट) को प्रतिलिपी |
| ४ | उपस्थिती/ हाजिरी | एक शैक्षिक सत्रभित्र विद्यालय खुलेको जम्मा दिनको ९५ प्रतिशत वा सो भन्दा बढी हाजिरी भएमा १० अङ्क<br>एक शैक्षिक सत्र भित्र विद्यालय खुलेको जम्मा दिनको ९० प्रतिशत देखि ९४.९९ प्रतिशत सम्म हाजिरी भएमा ७ अङ्क | १० | हाजिरी अभिलेखको प्रतिलिपी<br>(सम्बन्धित शिक्षक र प्रधानाध्यापकबाट प्रमाणित) |
| | | **जम्मा** | ५० | |

२) उत्कृष्ट कर्मचारी छनौटका लागि उपदफा १ बमोजिम शैक्षिक उपलव्धीको आधार लागु हुने छैन।

३) उपदफा १ बमोजिमको मापदण्डको अधिनमा रहि देहाय अनुसार बार्षिक रूपमा जम्मा ८ जना उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिनेछ।

क) प्रधानाध्यापक १ जना ,

ख) माध्यमिक तह शिक्षक २ जना (माध्यमिक १ र उच्च माध्यमिक १),

ग) आधारभूत (निम्न माध्यमिक) तह शिक्षक १ जना ,

घ) आधारभूत (प्राथमिक) तह शिक्षक २ जना ,

ङ) प्रारम्भिक बालविकास सहजकर्ता १ जना,

च) विद्यालय सहायक र सहयोगी कर्मचारी १ जना

४) उपदफा १, २ र ३ बमोजिम शिक्षक छनौटका लागि शाखाले ७ दिनको म्याद दिई सम्बन्धित विद्यालयलाई उत्कृष्ट शिक्षकको विवरण अनुसूची १ बमोजिमको ढाँचामा तोकिएका कागजात सहित शाखामा सिफारिस गर्न सूचना प्रदान गर्नुपर्नेछ।

५) उपदफा ४ बमोजिमको म्याद समाप्त भएको मितिले ५ दिनभित्र छनौट समितिले अनुसूची २ बमोजिमको ढाँचामा मूल्याङ्कन गरि छनौटको अन्तिम निर्णय गर्नुपर्नेछ।

६) उपदफा ५ बमोजिम निर्णय गरि उत्कृष्ट शिक्षक छनौट तथा पुरस्कार राशी र पुरस्कृत हुने मिति समय र स्थान उल्लेखित सूचना गाउँपालिकाको वेभसाईटमा प्रकाशन गर्नुपर्नेछ।

७) उपदफा ३ बमोजिम प्रोत्साहनका लागि गाउँसभाबाट सम्बन्धित शीर्षकमा विनियोजित बार्षिक बजेटको अधिनमा रहि शाखाले तोकेबमोजिम नगद पुरस्कार, प्रशंसा पत्र र खादा सहित सम्मान गरिनेछ।

**९. उत्कृष्ट विद्यार्थी छनौटका आधार तथा मापदण्डहरु:**

१) फेदाप गाउँपालिकाभित्रका विद्यालयमा अध्ययन गरी प्रत्येक शैक्षिक सत्रको अन्त्यमा सञ्चालन हुने आधारभूत तह उत्तिर्ण परीक्षा, माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा र माध्यमिक तह उत्तिर्ण परीक्षामा समावेश भई सर्वोत्कृष्ट जिजिए प्राप्त गर्ने क्रमश १ छात्रा र १ छात्रलाई प्रोत्साहन गरिनेछ।

२) उपदफा १ बमोजिम प्रोत्साहनका लागि गाउँसभाबाट सम्बन्धित शीर्षकमा विनियोजित बार्षिक बजेटको अधिनमा रहि शाखाले तोकेबमोजिम नगद पुरस्कार, प्रशंसा पत्र र खादा सहित सम्मान गरिनेछ।

३) उपदफा १ र २ बमोजिम प्रोत्साहन हुने विद्यार्थी छनौटका क्रममा समान परीक्षामा समान जिपीए भएमा सङ्ख्या थप गर्नुपर्नेछ।

४) उपदफा १, २ र ३ बमोजिक उत्कृष्ट विद्यार्थी प्रोत्साहन गर्न विद्यार्थी छनौट कार्यका लागि शाखाले ७ दिनको म्याद दिई सम्बन्धित विद्यालयलाई उत्कृष्ट छात्रा र छात्रको तोकिए बमोजिमको शैक्षिक सत्रको परीक्षामा प्राप्त गरेको ग्रेडसिट पेश गर्न सूचना प्रदान गर्नुपर्नेछ।

**१०. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेखित विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**११. संशोधन:** कार्यपालिकाले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**१२. खारेजी र बचाउ:** "उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट कार्यविधि, २०८०" खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(अनुसूची १)

(दफा ८ को उपदफा ४ सँग सम्बन्धित)

***उत्कृष्ट शिक्षक सिफारिस तथा मूल्याङ्कन फाराम***

<table>
<tr><td colspan="3">शिक्षकको नामथर:</td><td colspan="2">तह/श्रेणी:</td><td rowspan="3">प्रकार (स्थायी / राहत / करार):</td></tr>
<tr><td colspan="5">विद्यालयको नाम र ठेगाना:</td></tr>
<tr><td colspan="5">आवेदन पेश गरेको विधा (प्रधानाध्यापक/शिक्षक/कर्मचारी):</td></tr>
<tr><th>प्रमुख सूचक</th><th>सहायक सूचक (विवरण)</th><th>सम्बन्धित शिक्षकको मूल्याङ्कन</th><th>सम्बन्धित विद्यालयको मूल्याङ्कन</th><th>छनौट समितिको मूल्याङ्कन</th><th>संलग्न हुनुपर्ने कागजात</th></tr>
<tr><td rowspan="4">कार्य अनुभव</td><td>अस्थायी/करार नियुक्ति मिति:</td><td rowspan="4"></td><td rowspan="4"></td><td rowspan="4"></td><td rowspan="4">अस्थायी करार र स्थायी नियुक्ति पत्रको प्रतिलिपी (अस्थायी करार र स्थायी सेवा अवधी नटुटेको हुनुपर्ने)</td></tr>
<tr><td>स्थायी नियुक्ति मिति:</td></tr>
<tr><td>हाल सम्मको जम्मा सेवा अवधी</td></tr>
<tr><td>.......बर्ष ........ महिना........ दिन</td></tr>
</table>

<table>
<tr><td rowspan="7">शैक्षिक उपलव्धी</td><td>माध्यमिक र निम्न माध्यमिक तहको हकमा नियुक्तिको विषय:</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अध्यापन गरेको विषय:<br>अध्यापन गरेको कक्षा :</td><td rowspan="6"></td><td rowspan="6"></td><td rowspan="6"></td><td rowspan="6">सम्बन्धित विषयको पछिल्लो ३ बर्षको जिपिए खुल्ने IEMIS ग्रेड लेजरको प्रतिलिपी (सम्बन्धित शिक्षक र प्रधानाध्यापकबाट प्रमाणित भएको)</td></tr>
<tr><td>अध्यापन गरेको विषयको शैक्षिक सत्र २०८० को जिपिए:</td></tr>
<tr><td>अध्यापन गरेको विषयको शैक्षिक सत्र २०८१ को जिपिए:</td></tr>
<tr><td>अध्यापन गरेको विषयको शैक्षिक सत्र २०८२ को जिपिए:</td></tr>
<tr><td>अध्यापन गरेको विषयको उक्त ३ शैक्षिक सत्रको औषत जिपिए:</td></tr>
<tr></tr>
<tr><td rowspan="2">शैक्षिक योग्यता</td><td>माथिल्लो शैक्षिक योग्यता :</td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2">माथिल्लो शैक्षिक योग्यता खुल्ले प्रमाणपत्र (मार्कसिट वा ग्रेडसिट) को प्रतिलिपी</td></tr>
<tr><td>श्रेणी/जिपिए:</td></tr>
<tr><td rowspan="3">उपस्थिति/हाजिरी</td><td>शैक्षिक सत्र २०८२ मा जम्मा विद्यालय खुलेको दिन:</td><td rowspan="3"></td><td rowspan="3"></td><td rowspan="3"></td><td rowspan="3">हाजिरी अभिलेखको प्रतिलिपी (सम्बन्धित शिक्षक र प्रधानाध्यापकबाट प्रमाणित)</td></tr>
<tr><td>शैक्षिक सत्र २०८२ मा जम्मा हाजिरी भएको दिन:</td></tr>
<tr><td>शैक्षिक सत्र २०८२ मा जम्मा हाजिरी भएको प्रतिशत:</td></tr>
<tr><td colspan="2">सम्बन्धित शिक्षकको हस्ताक्षर:<br>मिति:<br>प्रधानाध्यापकको हस्ताक्षर:<br>नामथर:<br>मिति:<br>विद्यालयको छाप</td><td colspan="4">(गाउँपालिकाको प्रयोजनका लागि मात्र)<br>छनौट समिति संयोजकको हस्ताक्षर:<br>शिक्षा अधिकृतको हस्ताक्षर:<br>मिति:</td></tr>
</table>

(अनुसूची २)

(दफा ८ को उपदफा ५ सँग सम्बन्धित)

उत्कृष्ट शिक्षक छनौट तथा अभिलेख फाराम

| क्र सं | शिक्षकको नामथर | तह | विद्यालय | कार्य अनुभव | शैक्षिक उपलव्धी | शैक्षिक योग्यता | उपस्थिती / हाजिरी | कुल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

………………… ………………… …………………………

शिक्षा अधिकृत छनौट समिति संयोजक

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत